खबर नागरिक
KHABAR NAGARIK
E-paper
खबर नागरिकको समाचार हाम्रो

खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो
www.khabarnagarik.com CLICK

Khabar Nagarik | खबर नागरिक | २०८२ फागुन ९ गते शनिबार (Friday 21 Feb. 2026) | www.khabarnagarik.com

# भैरहवालाई पर्यटकीय हबका साथै सामाजिक विकासमा जोड : फैज अहमद

**खबर नागरिक**
भैरहवा ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट रुपन्देही-३ का प्रतिनिधि सभा सदस्य उम्मेदवार फैज अहम्मद खाँनले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनको साथै भैरहवालाई पर्यटकीय हबको रूपमा विकास गर्नका लागि प्रतिवद्ध रहेको बताएका छन् ।

आफू निर्वाचित भएपछि संघीय सरकारसँग समन्वय गरेर अन्तर्राष्ट्रिय उडान वृद्धि, कार्गो सेवा विस्तार र पर्यटन प्रवर्द्धन र यससँग सरोकार राख्ने विभिन्न कार्यक्रम अघि बढाउने जनाए ।

'सुशासन र रोजगारी समाजवादको तयारी, राष्ट्रियता र लोकतन्त्रको रक्षा हाम्रो जिम्मेवारी' भन्ने नारासहित चुनावी मैदानमा उत्रिएका खाँनले आफू सत्ता नभई जनता केन्द्रित राजनीतिज्ञ भएको दाबी गरे । जनताका दैनिक समस्या, किसान-मजदुरका हकअधिकार र सामाजिक न्यायका मुद्दामा निरन्तर सक्रिय रहने उनको भनाइ छ । सत्तामा पुगेपछि पनि सडक संघर्ष र जनआन्दोलनका एजेण्डा नबिर्सिने उनले स्पष्ट पारे ।

रुपन्देही-३ लाई कृषि, पर्यटन र साना उद्योगको समन्वयबाट आर्थिक रूपमा सबल बनाउने योजना खाँनले प्रस्तुत गरेका छन् । स्थानीय उत्पादनलाई बजारसँग जोड्ने, सिँचाइ र प्रविधिमा लगानी बढाउने तथा युवालाई सीपमूलक तालिममार्फत स्वरोजगार बनाउने कार्यक्रम अघि सार्ने उनले बताए ।

सुशासन र रोजगारी समाजवादको तयारी, राष्ट्रियता लोकतन्त्रको रक्षा हाम्रो जिम्मेवारी भन्ने नाराका साथ उनले सत्ता केन्द्रित राजनीतिज्ञ भन्दा जनता केन्द्रित राजनीतिज्ञ रहेको बताए । सत्तामा पुगेपछि सडक संघर्ष, मजदुर, किसान, आन्दोलन र सामाजिक न्यायका मुद्दामा निरन्तर सक्रिय रहने उनको भनाई छ । यस क्षेत्रका युवा तथा महिला सशक्तिकरणका लागि प्रतिवद्ध रहेको बताएका छन् । जेनजी आन्दोलनको मर्म बमोजिम युवा तथा महिला सशक्तिकरणका लागि प्रतिबद्ध रहेको बताए ।



घरदैलो अभियानमा रहेका यस क्षेत्रको शालिन नेताको रुपमा परिचय बनाएका फैजले पिछडिएका तथा सीमान्तकृत समुदायको प्रत्यक्ष सशक्तिकरणका लागि शिक्षा, स्वास्थ्य, रोजगारी र प्रतिनिधित्वमा विशेष अवसर सिर्जना गरिने उल्लेख गर्दै खाँनले समावेशी विकास नै दिगो विकासको आधार भएको बताए ।

अहिले गणतन्त्रको सहारामा पपुलिज्मका सिद्धान्तलाई पछ्याउँदै नयाँ शक्तिहरू देशभर विभिन्न चुनाव चिन्ह लिएर जनतामा भ्रम छर्दै छन होसियार बनी आफ्नै देश आफैं निर्माण गरौं भन्ने योजनाका साथ फैज निर्वाचनको मैदानमा छन । मुलुक अहिले संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको परिप्रेक्ष्यमा जेनजी आन्दोलन पछिको विषम परिस्थितिलाई मध्यनजर गर्दै देशलाई सही दिशा तर्फ निर्देशित गर्ने अभिप्रायका साथ उनले स्थानीय विकास निर्माणमा भएको अनियमितता रोक्ने, भैरहवा भन्सार कार्यालय व्यवस्थित र पारदर्शी बनाउने, ड्राइपोर्ट आइसीपी लाई रेल सञ्जालसँग जोड्न पहल गर्ने, अटोभिलेज व्यवस्थापन सुधार र संचालन गर्दै सरकारी विद्यालयको शैक्षिक र भौतिक गुणस्तरको वृद्धिसँगै,एक पालिका एक नमूना विद्यालय योजना लागूगर्ने लगायतका प्रतिबद्धता सहित जनताको घर घरमा पुग्दै छन ।




